CDC Journal, Year 33, No. 47, August 2025, DOI: https://doi.org/10.3126/cdj.v33i47.83477
Received Date: September 29, 2024 Accepted Date: August 3, 2025

# साङ्ग्रिला हृदय निबन्धमा पर्यावरणीय चेतना

***बिन्दु शर्मा***
रत्नराज्यलक्ष्मी क्याम्पस, त्रि.वि., काठमाडौँ
***Corresponding Email:*** *bindu2033@gmail.com*
*Orchid ID: https://orcid.org/0009-0008-5093-1416*

## लेखसार

*प्रस्तुत लेख भूपिनको 'साङ्ग्रिला हृदय' निबन्धको पर्यावरणीय चेतनाको विश्लेषण र मूल्याङ्कनमा आधारित छ । पर्यावरणीय चेतनाको अभिव्यक्ति भौतिक प्रकृति, वनस्पति र प्राणीको अन्तरसम्बन्धबाट हुन्छ । यस लेखमा 'साङ्ग्रिला हृदय' निबन्धमा पर्यावरणीय चेतनाको प्रतिनिधित्व कसरी भएको छ भन्ने मूल समस्याको समाधानका लागि निबन्धमा अभिव्यञ्जित प्राकृतिक एवम् सांस्कृतिक वातावरणको साहित्यिक प्रतिनिधित्व, पर्यावरणसँग संस्कृतिको सम्बन्ध, मान्छे र पर्यावरणको अन्तर्सम्बन्ध तथा पर्यावरणमैत्री भाषाको प्रतिनिधित्व जस्ता प्रतिमानको उपयोग गरिएको छ । प्रस्तुत लेखको सैद्धान्तिक ढाँचाको मूल आधार चेरिल ग्लोटफेल्टी र ह्यारोल्ड फ्रोम (१९९६) को कृतिमा प्रस्तुत पर्यावरणीय समालोचना सिद्धान्त रहेको छ । पर्यावरणीय चक्रसँग सम्बन्धित भौतिक प्रकृति र मान्छेसँगसम्बद्ध विषय रहँदारहँदै पनि पर्यावरणीय समालोचनालाई अन्तरविषयक समालोचना पद्धतिका रूपमा साहित्यले सहजै अङ्गीकार गरेको छ । यसले साहित्यिक पाठमा रहेका प्राकृतिक वातावरणको प्रतिनिधित्व, आशय, पर्यावरणीय संस्कृति, मान्छे र पर्यावरणको अन्तर्सम्बन्धको जस्ता पक्षहरूको खोजी गरी तिनको प्रयोजनपरक ढङ्गले विश्लेषण गर्ने काम गर्दछ । 'साङ्ग्रिला हृदय' निबन्धको पर्यावरणीय चेतनाको विश्लेषणअन्तर्गगत यस लेखमा प्राकृतिक वातावरणको साहित्यिक प्रतिनिधित्व, पर्यावरणसँग संस्कृतिको सम्बन्ध, मान्छे र पर्यावरणको अन्तर्सम्बन्ध र पर्यावरणमैत्री भाषाको प्रतिनिधित्व विश्लेषणका माध्येमबाट पर्यावरणीय चेतना पहिचान गरिएको छ, जसमा संरक्षण कवितायात्राका क्रममा भएको लेखकको प्रकृतिसँगको आत्मीय साक्षात्कार र त्यहाँको स्थानीय जीवनशैली देखाएका पर्यावरणमैत्री व्यवहारबाट पृष्ठपोषित हुँदै प्रस्तुत निबन्ध पर्यावरणीय चेतना प्रकट गर्न सफल रहेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** अनुकूलन, पर्यावरणमैत्री भाषा, पर्यावरणीय वासस्थान, संरक्षणकविता आन्दोलन, साहित्यिक सन्त्रास ।

## विषयपरिचय

कृति र प्राकृतिक वातावरणका बिचको अन्तर्सम्बन्धमा जोड दिने चिन्तनलाई पर्यावरणीय चेतना भनिन्छ । यसले प्रकृति र संस्कृतिलाई सम्बद्ध अङ्गका रूपमा लिई प्रकृति, मान्छे र वातावरणका विशिष्टता, मान्छे, जीव र वनस्पतिका उपयुक्त वासस्थान एवम् मान्छेको पर्यावरणसँगको सम्बन्धलाई महत्त्व दिन्छ । पृथ्वीमा कहाँ कहाँ कुन कुन भौतिक र अभौतिक वस्तुहरू कसरी अनुकूलनका साथ रहेका छन् भन्ने विषयमा केन्द्रित हुने भएकाले यसले स्थानलाई महत्त्व दिन्छ र पर्यावरणको सुरक्षा गर्ने उद्देश्य राख्दछ । पर्यावरणीय चेतनाले साहित्यमा विशेष गरी पद्धतिका रूपमा मानवीय संस्कृति र भौतिक जगत्को सम्बन्ध तथा तिनले एकअर्कालाई पार्ने प्रभाव, विषयवस्तुका रूपमा भाषा र साहित्यमा पाइने सांस्कृतिक शिल्प र सैद्धान्तिक रूपमा चाहिँ मानव र मानवेतर प्रकृतिको व्यवस्थालाई विश्लेषण गर्दछ (ग्लोटफेल्टी र फ्रोम, सन् १९९६, पृ. xx–xxi) । साहित्यको पर्यावरणीय चेतना विश्लेषण गर्दा प्राकृतिक वातावरणको साहित्यिक प्रतिनिधित्व, साहित्यमा चित्रित पर्यावरणीय तथ्यहरू जीव र प्राकृतिक वातावरणको अन्तरसम्बन्ध, मानवको मानवेतर प्रकृतिसँगको व्यवहारको विश्लेषण गर्दछ । त्यसैले पर्यावरणीय चेतना प्राकृतिक वातावरणको संरक्षणमा जोड दिने सिद्धान्त ठहर्दछ ।

भूपिनको 'साङ्ग्रिलाको हृदय' निबन्ध *चौबिस रिल* (२०६९) कृतिमा सङ्कलित छ । यसमा अन्नपूर्ण संरक्षण आयोजना क्षेत्रमा बसोबास गर्ने नागरिकहरूमा कविताका माध्यमबाट प्रकृतिको अध्ययन र त्यसको संरक्षणको चेतना विस्तार गर्ने उद्देश्यका साथ वातावरण संरक्षणसम्बन्धी संस्था एक्यापले आयोजना गरेको संरक्षण कवितायात्राका दृश्य र अनुभूतिहरूलाई पर्यावरणीय चेतनाका साथ प्रस्तुत गरिएको छ । प्रस्तुत निबन्धमा पोखराको सहरी भिडभाडमा कृत्रिम ढङ्गले लगाइएका रूख र फूलका विरूवासँग संवाद गरिरहेको लेखकले अन्नपूर्ण संरक्षण क्षेत्रको विस्तृत प्रकृतिमा प्रवेश गरेपछि त्यहाँको भौतिक परिवेशमा आफूले नियालेको प्रकृति र त्यहाँका स्थानीयहरूका जीवनशैलीमा पर्यावरणीय पक्ष सबल बनेको छ । निबन्धमा पर्यावरणीय चेतनाको अध्ययन गर्दा ढकाल (सन् २०२३) ले प्रकृति र मानवबिचको सम्बन्ध, ग्राम्यता र अप्रदूषित परिवेशको चित्रण, नारीवादी पर्यावरणीय चेतना, गहन पर्यावरणीय चेतना र जनजातीय पर्यावरणीय चेतनाको आधार लिइएको छ र प्राकृतिक वातावरणको साहित्यिक प्रतिनिधित्व र पर्यावरणसँग संस्कृतिको सम्बन्ध र पर्यावरणमैत्री भाषिक प्रयोगको अवस्थाको मूल्याङ्कन भने भएको छैन । अतः भूपिनको 'साङ्ग्रिला हृदय' निबन्धमा सांस्कृतिक सन्दर्भमा पर्यावरणीय चेतनाको उद्घाटन के कसरी गरिएको छ भन्ने जिज्ञासा यस अनुसन्धानमा रहेको थियो र सोही जिज्ञासा समाधान गर्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको छ । 'साङ्ग्रिला हृदय' निबन्धमा प्राकृतिक वातावरणको साहित्यिक प्रतिनिधित्व, पर्यावरणसँग संस्कृतिको सम्बन्ध, मान्छे र पर्यावरणको अन्तरसम्बन्ध र पर्यावरणमैत्री भाषाको प्रतिनिधित्व रहेकाले पर्यावरणीय समालोचनाका आधारबाट यस निबन्धको विश्लेषण गर्नु उपयुक्त रहेको देखिन्छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक शोधविधिमा आधारित छ । यसमा प्रथमिक सामग्रीको सङ्कलन भूपिनको 'साङ्ग्रिला हृदय' निबन्धमा प्रकटित पर्यावरणअनुकूलका क्रियाकलाप, चिन्तन, व्यवहार र अन्तरक्रियालाई प्रस्तुत गर्ने भाषिक संवाद, मनोभाव, बिम्ब र प्रतीकका रूपमा रहेका सन्दर्भहरूबाट गरिएको छ । यसरी सामग्री लिँदा पर्यावरणीय चेतना विश्लेषणका निम्ति उपयुक्त प्रसङ्गमा सोद्देश्यमूलक नमुना छनोट पद्धति प्रयोग भएको छ । यस अध्ययनमा द्वितीयक सामग्रीका रूपमा निबन्धमा पर्यावरणीय चेतना विश्लेषणका लागि आवश्यक सैद्धान्तिक ग्रन्थ, निबन्धविश्लेषणका आधार भएका अनुसन्धानात्मक लेख र समालोचनात्मक लेख उपयोग गरिएको छ भने समस्या समाधानका लागि यसमा सामग्री विश्लेषणका गर्दा मूलतः पाठविश्लेषणलाई उपयोग गरिएको छ । निबन्धमा प्रकटित पर्यावरणीय चेतनालाई प्राकृतिक वातावरणको साहित्यिक प्रतिनिधित्व, पर्यावरणसँग संस्कृतिको सम्बन्ध, मान्छे र पर्यावरणको अन्तरसम्बन्ध र पर्यावरणमैत्री भाषाको प्रतिनिधित्व विश्लेषणमा मात्र यस अध्ययनलाई सीमित गरिएको छ ।

### विश्लेषणको सैद्धान्तिक ढाँचा

पर्यावरणीय समालोचना साहित्यिक कृतिभित्र चित्रित मान्छे र प्रकृतिका बिचको अन्तरसम्बन्धको अध्ययनमा केन्द्रित हुन्छ । यसले कुनै पनि कालखण्डका कृतिहरूको पर्यावरणसम्बद्ध चेतनाको विश्लेषण र मूल्याङ्कन गर्दछ । प्रकृति, मान्छे र वातावरणका विशिष्टता, मान्छे, जीव र वनस्पतिका उपयुक्त वासस्थान एवम् मान्छेको पर्यावरणसँगको सम्बन्धको अध्ययन पनि यसमा गरिन्छ । आधुनिक पर्यावरणीय चेतनाले प्राकृतिक संसार र मानवबिच सन्तुलनको अनुभूतिलाई महत्त्व दिन्छ र वनस्पति, जीवजन्तु एवम् मानिसले एक-अर्कालाई ध्वंस नगरेर तथा समन्वय गरेर जिउनुपर्छ भन्ने कुरामा विश्वास गर्छ (फ्रेडरिख, सन् २०१२, पृ. १४७) । प्रकृतिले विविध प्राणी, जीव तथा वनस्पतिलाई एकअर्कासँग अन्तरसम्बद्ध हुने गरी रचना गरेको छ तर आफू मात्र सुरक्षित रहेर बाँच्न खोज्ने कुत्सित प्रयासका कारण विभिन्न जीव तथा वनस्पतिहरु सङ्कटग्रस्त बनेका छन् । यस्तो परिस्थितिलाई पर्यावरणीय समालोचकहरूले साहित्यको पर्यावरणीय पक्षबाट अध्ययन गर्दछन् र मानवेतर प्राकृतिक तथ्यको प्रतिनिधित्व विश्लेषण गर्दा कृतिमा चित्रित पर्यावरणीय मुद्दाहरूलाई पनि पर्गेल्दै मानवको प्रकृतिसँगको व्यवहार, उसले दिने नैतिक सांस्कृतिक प्रतिष्ठा एवम् मानवजीवनको बृहत् आयाममा रहेको प्राकृतिक वातावरणसँगको अन्तरघुलनको सूक्ष्मताबारे समालोचना गर्दछन् । पर्यावरणीय समालोचनामा मान्छेकै कारण ह्रासोन्मुख हुँदै गएको पर्यावरण र साहित्यिक समालोचना जोडिएर स्वस्थ पृथ्वीका लागि एकीकृत काम गर्दछन् । यसमा भौतिक वा शरीर पक्ष र अमूर्त वा आत्मिक पक्षको सङ्गम पनि देखिन्छ (एटम, २०६८, पृ. ३१५) । यसले गहन पर्यावरण, वातावरणीय परिकल्पना र पुनर्कल्पना, विश्वव्यापी वातावरणीय संस्कृति र चेतना, पर्यावरणमैत्री सांस्कृतिक वासस्थान, साहित्यिक सन्त्रास वा भाषिक प्रदूषण जस्ता विशिष्ट समालोचनात्मक शब्दावलीहरु निर्माण गरिसकेको छ । प्रत्येक व्यक्तिलाई आफ्ना सङ्कीर्ण सांस्कृतिक मूल्यहरूलाई उदार बनाउन र विश्वप्रकृतिको नागरिक भएर

पृथ्वीप्रतिको दायित्वबोध गराउन प्रयत्न गर्नु, मान्छे, जीव र वातारणलाई समग्रतामा हेर्नु, सबै तत्त्वहरूबिचको अन्तरनिर्भरता र अन्तरसम्बन्धको महत्त्व स्थापित गर्नु, पर्यावरणमैत्री वासस्थानको संरक्षणमा जोड दिनु जस्ता विशेषताहरूले गर्दा पर्यावरणीय समालोचना न्यायपूर्ण संसार स्थापनाका लागि प्रयत्नरत पद्धतिका रूपमा रहेको देखिन्छ ।

विश्वसाहित्यमा पर्यावरणीय समालोचनाको प्रारम्भ सन् १९९० को दशकमा अमेरिकाबाट भएको हो । नेपाली साहित्यमा २०५० को दशकदेखि अविनाश श्रेष्ठले पर्यावरणीय कविता सिर्जना गरेर यसप्रति सचेतता देखाए तापनि समालोचनामा चाहिँ पर्यावरणीय समालोचनासम्बन्धी चर्चा परिचर्चा वि.सं. २०६० को दशकदेखि मात्र हुन थालेको पाइन्छ । कृष्ण गौतमले *उत्तर आधुनिक जिज्ञासा* (२०६४) कृतिमा सङ्कलित 'वातावरण काव्यशास्त्र र यसको सार्थकता' शीर्षकको लेखमा पर्यावरणीय समालोचनाको पाश्चात्य सन्दर्भ र त्यसको स्वरूपका बारेमा प्रस्ट्याएका छन् (पृ. २०७–२११) । उनले नैतिकता, विज्ञान र सौन्दर्यतत्त्व तीन ओटा पक्षबाट साहित्यको मूल्याङ्कनका रूपमा पर्यावरणीय समालोचनालाई लिएका छन् । पर्यावरणमा भइरहेको सङ्कट, जैविक विविधताको ध्वंस, जङ्गलको विनास, विश्वव्यापी हरितगृह प्रभाव आदिका कारण अहिलेका लेखकमा पर्यावरणीय चेतना प्रबल बन्दै गएको छ (भट्टराई, २०६४, पृ. २०३) । यसरी प्रकृतिको दोहन हुनु र मान्छेसित त्यसको सम्बन्ध कमजोर बन्दै जानुमा पुँजीवादी नाफामुखी व्यवस्थाको प्रमुख भूमिका छ । असीमित औद्योगिक उत्पादन गर्ने र प्रकृतिलाई प्रदूषित बनाउने शक्तिका विरूद्धमा उठाउने आवाज पनि पर्यावरणीय चेतनामा निहित छ (भट्टराई, २०७०, पृ. ७९) । यस सन्दर्भमा पर्यावरणीय चेतना मार्क्सवादी दृष्टिकोणको उद्घाटन गर्दै समाजवादी उत्पादन पद्धतिसित पनि जोडिन पुग्छ । उपर्युक्त समालोचकहरूका समालोचनाले कृति विश्लेषणका विभिन्न आधार निर्माण गरिसकेको वर्तमान परिवेशमा नेपाली साहित्यमा पर्यावरणीय समालोचनाको प्रायोगिक लेखन विस्तार हुँदै गएको छ ।

पाश्चात्य समालोचनामा साहित्यको पर्यावरणीय चेतना विश्लेषणका लागि विभिन्न समालोचकहरूले आ–आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । बुएल (सन् १९९५, पृ. २२) ले साहित्यिक कृतिभित्र पर्यावरणीय चेतनाको सही प्रतिनिधित्वका लागि मानवेतर वातावरणलाई रचनाको ढाँचाका रूपमा मात्र प्रस्तुत गर्न नहुने, मानवीय अभिरूचि र आवश्यकतालाई मात्र तर्कसङ्गत मान्न नहुने, वातावरणप्रतिको मानवीय उत्तरदायित्वलाई कृतिको अङ्ग स्विकार्नुपर्ने र कृतिभित्र वातावरणलाई एउटा व्यवस्थित क्रमका रूपमा लिनुपर्ने गरी चार ओटा प्रमुख आधारहरू बताएका छन् । ग्लोटफेल्टी (सन् १९९६, पृ. xx–xxi) ले चाहिँ पर्यावरणीय समालोचनामा पद्धतिका रूपमा मानवीय संस्कृति र भौतिक जगत्को सम्बन्ध तथा एक अर्कालाई पार्ने प्रभाव, विषयवस्तुका रूपमा प्रकृति र संस्कृतिको अन्तरसम्बन्ध तथा सैद्धान्तिक सङ्कथनका रूपमा मानव र मानवेतरको व्यवस्था गरी तीन ओटा पक्षमा जोड दिएकी छन् । त्यसै गरी पर्यावरणीय समालोचनाको सैद्धान्तिक ढाँचा दिने क्रममा यसमा सक्रियतावाद, पर्यावरणीय नारीवाद, जीवक्षेत्रवादसित सघन पठन, नागर अध्ययन, उत्तर औपनिवेशिकता, मार्क्सवाद आदिको पनि विमर्श हुने गर्दछ (एटम, २०६८, पृ. ३१९) । त्यसैले साहित्यको पर्यावरणीय चेतना विश्लेषणका लागि पर्यावरणको प्रतिनिधित्वको अवस्था मात्र हेरेर हुँदैन

बरू यसमा पर्यावरणको अस्तित्व बनाउने उत्प्रेरणा र समग्र परिवेशको अन्तरक्रिया आह्वान, प्रकृति र जीवबारेको मानवकेन्द्री अवधारणा परिवर्तन, पर्यावरणीय सांस्कृतिक वासस्थानको परिकल्पना, विश्वव्यापी वातावरणीय संस्कृति र चेतना, वातावरणीय परिकल्पना र पुनर्कल्पना जस्ता विविध पक्षहरूको विश्लेषण गर्नुपर्छ । प्रस्तुत अध्ययनमा निबन्ध विश्लेषणको ढाँचाका रूपमा पर्यावरणीय समालोचनाले प्रस्तुत गरेका प्राकृतिक वातावरणको साहित्यिक प्रतिनिधित्व, पर्यावरणसँग संस्कृतिको सम्बन्ध मान्छे र पर्यावरणको अन्तरसम्बन्ध तथा पर्यावरणमैत्री भाषाको प्रतिनिधित्व शीर्षकलाई आधार मानी त्यसको उपयोग गरिएको छ ।

## नतिजा र विमर्श

भूपिन (२०३०) समाज, मानवीय सम्बन्ध र प्रकृतिलाई केन्द्रमा राखेर निबन्ध लेख्ने समसामयिक निबन्धकार हुन् । उनको पहिलो निबन्धकृतिका रूपमा प्रकाशित *चौबिस रिल* (२०६६) मा पचासको दशकदेखि यताको सोह्र वर्षको समयावधिका विविध अनुभूतिमा आधारित चौबिस ओटा निबन्धहरू सङ्गृहीत छन् । भूपिन प्रकृतिको संरक्षणप्रति सचेत साहित्यकारको समूहले २०५३ असोज १० गते पोखराबाट सरूभक्तको नेतृत्वमा प्रारम्भ गरेको 'संरक्षण कविता आन्दोलन'का सक्रिय सदस्य हुन्, जसको उद्देश्य जनतालाई पर्यावरणको संरक्षणमा कवितामार्फत जागृत गर्नु रहेको छ (एटम, सन् २०१२) । पर्यावरणीय चेतनाको सम्यक् प्रस्तुति रहेको प्रस्तुत सङ्ग्रहको 'साङ्ग्रिला हृदय' निबन्ध संरक्षण कविता आन्दोलनकै क्रममा गरिएको यात्राको गतिशीलतामा केन्द्रित छ । यसमा प्राकृतिक जगत्तर्फ बढ्दै गएको मानवको कुतूहलता एवम् पुँजीवादी सहरी संस्कृतिको यान्त्रिकताबाट छोटो समयका लागि भए पनि अवकाश लिन चाहने मान्छेको वर्तमान पुस्ताका अभिरूचिहरू प्रस्तुत गर्ने क्रममा पर्यावरणीय चेतना प्रकट भएको छ । यसमा प्राकृतिक वातावरणप्रतिको लेखकको अवधारणा, मानवीय संस्कृतिका रूपमा रहेको पर्यावरणको पहिचान, पर्यावरणसँगको मानवीय सम्बन्ध तथा भाषासँगको पर्यावरणीय निकटता विश्लेषण गरिएको छ, जसलाई (१) प्राकृतिक वातावरणको साहित्यिक प्रतिनिधित्व, (२) पर्यावरणसँग संस्कृतिको सम्बन्ध, (३) मान्छे र पर्यावरणको अन्तरसम्बन्ध र (४) पर्यावरणमैत्री भाषाको प्रतिनिधित्व गरी पर्यावरणीय चेतना विश्लेषणका निम्ति चारओटा उपकरण प्रयोग गरिएका छन् ।

### प्राकृतिक वातावरणको साहित्यिक प्रतिनिधित्व

कुनै पनि कृतिभित्र चित्रण गरिएको प्राकृतिक जगत् अथवा भौतिक वातावरणले नै त्यसको साहित्यिक प्रतिनिधित्वलाई सुनिश्चित बनाउँछ । यसमा भौतिक वातावरणलाई कसरी, कस्तो सन्दर्भमा, कति तथ्यपरक बनाएर प्रस्तुत गरिएको छ र साहित्यिक सन्दर्भमा त्यसले कस्तो अर्थप्रसार गरेको छ भन्ने कुराको विश्लेषण गरिएको हुन्छ । वातावरणीय तथ्यपरकता, प्रकृतिको मानवीकरण, कृतिको घटना, परिवेश र पात्रका मानसिकतामा पर्यावरणले पारेको प्रभाव जस्ता वातावरणीय पक्षले नै साहित्यको पर्यावरणीय दृष्टिकोणलाई मूर्तता प्रदान गर्दछन् । भूपिनको 'साङ्ग्रिला हृदय' निबन्धमा

अन्नपूर्ण संरक्षण आयोजना क्षेत्रका बासिन्दाहरूमा प्रकृति संरक्षणको चेतनाविस्तार गर्ने उद्देश्यले गरेको पदयात्राका क्रममा देखिएको प्राकृतिक वातावरणको प्रतिनिधित्व वस्तुगत र आत्मगत तरिकाले भएको छ । प्राकृतिक वातावरण जस्तो छ त्यस्तै रूपमा तटस्थ किसिमले गरिएको कृतिगत चित्रण वस्तुगत हुन्छ । प्रस्तुत निबन्धमा संरक्षण कवितायात्रा नाम दिइएको अन्नपूर्ण बेसक्याम्पसम्मको कविहरूको यात्रामा देखिएको वीरेठाँटी गाउँको वर्णनमा यस्तो वस्तुपरकता प्रकट भएको छ– "ढुङ्गाका छपनीहरूले बनाइएको सफा बाटो, घोरेपानी जाने बाटोतिर सुस्साइरहेको भुरूङ्दी खोला, घरका छानामाथि भुण्डिएका मकैका सुली र होटल व्यवसायमा व्यस्त मानिस देखिन्थे" (पृ.१३२) । आत्मगत चित्रणमा चाहिँ लेखकले आफ्नो निजत्व प्राकृतिक परिवेशसँग मिसाउँदै त्यसको अनुभूतिमय वर्णन गर्दछ । यसमा मूलतः प्रकृतिको मानवीकरण गरिएको हुन्छ । अन्नपूर्ण पदयात्राका क्रममा माछापुच्छ्रे खोलाको किनारै किनार हिँडदा देखिएको प्राकृतिक वातावरणको साहित्यिक प्रतिनिधित्वलाई यसरी आत्मगत स्वरूप दिइएको छ :

> अदृश्य हिमकणहरू बोकेको चिसो हावा सिर्रसिर्र चलिरहेको थियो । रङ्गीविरङ्गी अज्ञात फूलहरू बाटोभरि हल्लिरहेका थिए, हिमालको टाउकोमा टाक्के लाएर फर्किएको चिसो हावामा । मानौँ हावाले गाइरहेको थियो र ती अनाम फूलहरू कम्मर भाँची भाँची नाचिरहेका थिए, घान्द्रुकका किशोरीहरूझैँ ।... हिमाल चिसोले सल्किरहेको थियो र धुवाँ खोँचभरि पुत्ताइरहेको थियो । (भूपिन, २०६६, पृ. १४०)

यसमा हिमकण, चिसो हावाको सिर्रसिर्र, बाटोभरि हल्लिरहेका रङ्गीविरङ्गी फूलहरू, हिमालको शिखर आदिको मिलनबाट प्रकृतिक वातावरणको उचित र कलात्मक प्रतिनिधित्व भएको छ अनि अन्नपूर्ण क्षेत्रको विस्तृत प्रकृतिमा विचरण गर्न पुगेका लेखक त्यहाँको पर्यावरणीय विचित्रताबाट अचम्मित हुँदै भावुक र अन्तर्मुखी बनेका छन् । त्यसैले उनी प्रकृतिलाई मानवीय स्वरूपमा अनुभूत गर्दै हावाले गाइरहेको अनि फूलहरू घान्द्रुकका किशोरीझैँ नाचेको देख्न पुग्छन् भने उनको कवि हृदय हिमालको कठ्याङ्ग्रिँदो चिसो र खोँचभरि उडेको कुहिरोलाई क्रमशः हिमाल चिसोले सल्किरहेको र त्यसको धुवाँ खोँचभरि पुत्पुताएको भन्ने विपर्यासयुक्त अर्थमा ग्रहण गर्दै आनन्दित भएको पाइन्छ । यसमा लेखक प्रकृतिप्रेमी र भावुक देखिनुमा प्रकृतिको भूमिका नै प्रबल रहेको छ ।

पर्यावरणीय समालोचनाले यस्तो प्राकृतिक वातावरणलाई बढी महत्त्व दिन्छ र त्यसमा पाइने पर्यावरणीय विशिष्टता, तथ्यपरकता, सौन्दर्य एवम् पूर्णतालाई अक्षत राख्न रूचाउँछ जुन वस्तुगत प्रतिनिधित्व हो । प्रस्तुत निबन्धमा अन्नपूर्ण बेसक्याम्पको प्राकृतिक वातावरणले लेखकमा पारेको मानसिक प्रभाव तथा प्रकृतिसंरक्षणतर्फको काव्यिक चेतना विस्तारले पनि प्राकृतिक वातावरणको आत्मगत साहित्यिक प्रतिनिधित्वलाई सबल बनाएको छ ।

## पर्यावरणसँग संस्कृतिको सम्बन्ध

मानिसले आफ्नो समाजलाई व्यवस्थित गर्नका लागि निर्माण गरेका चालचलन, रीतिथिति, व्यवहार, भाषा, सङ्गीत, धर्मलगायतका सम्पदा नै संस्कृति हुन् । पर्यावरणबाट विकसित मान्यता भएकाले संस्कृति परापूर्वकालदेखि नै पर्यावरणसँग अन्तरसम्बन्धित भएर रहेको हुन्छ । हिन्दु धर्मावलम्वीहरूले गर्ने कागपूजा, नागपूजा, गाई र कुकुरपूजा हुन् या धर्म प्राप्त हुने विश्वासमा वरपिपल, समी, रूद्राक्ष रोपेर चौतारो बनाउने कार्य, यी सबै धार्मिक सांस्कृतिक क्रियाकलापका पर्यावरणमैत्री उदाहरण हुन् । प्रकृतिबाटै अभिप्रेरित भएको हुनाले धर्म र संस्कारहरु भौगोलिक बनोट र पर्यावरणीय विशिष्टताका आधारमा निर्धारण गरिएका हुन्छन् (शर्मा, २०७५, पृ. ५२–५३) । त्यसैले नेपालकै पनि हिमाल, पहाड र तराईका पहिरनदेखि चाडवाड र संस्कारहरु एवम् तिनीहरूलाई मनाउने तरिकामा भिन्नता देखिएको हो । मान्छेले आफ्नो स्वार्थलाई मात्र केन्द्रमा राखेर एकतर्फी रूपले प्रकृतिको उपभोग गर्नु नै मानवकेन्द्री संस्कृति हो, जसको पर्यावरणीय समालोचनाले आलोचना गर्दछ । यसको सट्टा सबै जीव र वनस्पतिलाई एकअर्कामा निर्भर ठानेर सबैको अस्तित्व स्विकार्नु नै सही पर्यावरणीय संस्कृति हो । यस्ता सांस्कृतिक सन्दर्भहरु 'साङ्ग्रिला हृदय' निबन्धमा पनि पर्यावरणसँग अन्तरसम्बन्धित भएर आएका छन् ।

प्रस्तुत निबन्धमा यात्राका क्रममा लेखकहरूले हिउँसँग पर्यावरणमैत्री व्यवहार नगरेकोप्रति बेसक्याम्पका होटल व्यवसायी जगन गुरूङले देखाएको असन्तुष्टिको सूक्ष्मता यसरी आएको छ– "ब्ल्याक टी दाइले बताए कि यो स्थानमा हिउँ पग्लिएर सकियो भने घान्द्रुकमा अनिष्ट पर्छ" (पृ. १३९) । बिसौँ शताब्दीको अन्त्यदेखि नै औद्योगिक प्रदूषण चुलिँदै गएका कारण विश्वको तापमान बढ्दै गएको छ । फलतः हिमालय क्षेत्रमा हिउँ पग्लिने र समुद्री सतह बढ्ने क्रम तीव्र हुँदै छ । यस्तो परिस्थितिमा हिमालमा बढ्दै गएको मानवीय गतिविधिले हिउँको क्षयलाई झन् बढाउनु त स्वाभाविकै हो । यसमा डाइनासोर जस्तो हिमाकृतिलाई केन्द्रमा पारेर फोटो खिचेका कविहरूमध्येका धनप्रसादले भक्त दाइको सुझावलाई बेवास्ता गर्दै त्यसको सफल आरोहण समेत गरेपछि उपर्युक्त अभिव्यक्ति आएको हो । त्यसैले यो हिमाली क्षेत्रमा बढ्दै गएको मानवकेन्द्री व्यवहारप्रतिको असहमति पनि हो किनभने त्यहाँका स्थानीयहरूको हिमालसँग दैविक आस्था र धार्मिक सांस्कृतिक विश्वास पनि गाँसिएको छ । त्यसैले उनीहरु विनाप्रयोजन लहडमा हिमाल आरोहण गर्दैनन् र गर्नै परे विशेष पूजा गरेर अनि आर्शीवाद लिएर मात्र गर्दछन् । यसै निबन्धको अर्को प्रसङ्गमा चाहिँ हिमालको चिसोमा ठिहिऱ्याएको शरीर तताउनका लागि गरिएको स्थानीय प्रचलनको वर्णनमा त्यहाँको विशिष्टता यसरी प्रकट भएको छ :

> साङ्ग्रिलाबाट अलग्गिएर हिमालय आउँदासम्म हामी सौन्दर्यको चरम ह्याङ्ओभरले ग्रस्त थियौँ । खानापछि हिमालयबाट पनि तलतल झर्न सुरू गर्छौं ।...दृष्टिपटाक्षेपमा साङ्ग्रिलाको अनुहारले पहाडको हरियो सिरक ओढ्दै जान्छ । बम्बुको एक होटलमा कम्बल झुन्ड्याएर तताइएको टेबुलमुनि खुट्टा घुसारेर हामीले साङ्ग्रिला सुन्दरीको सुन्दरताको वर्णन गरेर रात धकेल्यौँ । कविहरु सबै नै त्यो सुन्दरीको प्रेममा चुर्लुम्म डुबेका थिए । (भूपिन, २०६९, पृ. १४३–१४४)

सामान्यतः हिमालमा चिसोबाट जोगिनका लागि थोरै र साना झ्याल भएका माटाका घरहरु बनाइएका हुन्छन् र आगो बालेर त्यसलाई सधैँ न्यानो राखिन्छ । यहाँ चाहिँ टेबुलमा कम्बल भुन्ड्याएर त्यसको वरिपरिको हावा छिर्ने खुल्ला ठाउँ बन्द गरी टेबुलमुनि न्यानो कायम राखिएको छ र त्यसैमा खुट्टा घुसारेर कविहरूले रातसमेत बिताएका छन् । यो त्यहाँको नितान्त मौलिक तरिका हो भने अन्नपूर्ण बेसक्याम्पलाई साङ्ग्रिला सुन्दरीको उपमा दिएका लेखकको अभिव्यक्तिले कुनै पनि सुन्दर वस्तुलाई महिलासौन्दर्यको उपमान बनाउने साहित्यिक संस्कृतिलाई नै प्रतिबिम्बित गरेको छ । यसका साथै सहरका कविहरु जुकासँग तर्सिरहेका बेला त्यहाँकी युवतीले चाहिँ त्यसको समाधान अति सामान्य रूपले गरेको निबन्धको तलको सन्दर्भले पनि स्थानीय तरिकाको व्यावहारिकतालाई पुष्टि गर्दछ :

> डराई डराई जुका टिप्दै थिएँ, खोलाको पारिपट्टी बारीमा मकै भाँच्दै गरेकी एक युवतीलाई देखेँ । मकैका घोगाहरूले डोको भरिएपछि ती युवती बारीको डिलमा उभिइन् र कालो पानीबुट खोलिन् । जुकाहरु उनको कलिलो पिँडुलाभरि गाडिएका थिए । खोलावारि म डरले काँपिरहेको थिएँ तर खोलापारि ती युवतीले निर्धक्क दुवै हातमा पातीको मुन्टा राखेर पिँडुलादेखि पैतालासम्म गाडिएका जुकाहरु सोहोरिन्, कालो पानीबुट लगाइन्,...। (भूपिन, २०६६, पृ. १३६)

युवतीले जुका फाल्न अपनाएको जैविक तरिकाले यहाँ स्थानीय संस्कृतिको पर्यावरणीय सम्बन्धलाई नै प्रगाढ बनाएको छ । यसरी कुनै पनि भूगोलको प्राकृतिक अवस्थाअनुसार नै त्यहाँका मानिसले आफूलाई अनुकूलन हुनका लागि अपनाइएका तौरतरिकाहरु भिन्नाभिन्नै हुन्छन् र यही भिन्नताले नै पर्यावरणसँगको संस्कृतिको सम्बन्धलाई अझ मजबुत बनाउँदै लैजान्छ । यस्तो सम्बन्धले प्रस्तुत निबन्धको पर्यावरणीय चेतनामा समृद्धि प्रदान गरेको छ ।

## मान्छे र पर्यावरणको अन्तरसम्बन्ध

मानव पर्यावरणको एउटा अङ्ग हो । मानव बसोबास रहेका सबै क्षेत्रको पर्यावरण उनीहरूका लागि सदैव अनुकूल रहिरहँदैन । यस्तो अवस्थामा उसले आफूलाई सहज बनाउनका लागि पनि पर्यावरणकै सहारा लिन्छ, जसले गर्दा पर्यावरण र मान्छे अभिन्न बन्दै जान्छन् । मानिसले गरेको वनविनाशबाट पानीका मुहान सुक्नु र उसैले गरेको वृक्षारोपण तथा कृत्रिम पोखरीको निर्माणबाट फेरि पुनर्भरण भई जमिनमुनिको पानीको सतह बढ्नु यस्तो अन्तरसम्बन्धको परिणाम हो । त्यसैले मान्छेले पर्यावरणमा पारेको प्रभाव र पर्यावरणले मान्छेमा पारेको प्रभाव यसअन्तर्गत पर्दछ । पर्यावरणीय प्रभाव र त्यसको निकटताबाट मान्छेको मानसिकता विकसित हुने भएकाले यस आधारबाट पनि मान्छेका सोचाइ, चिन्तन र जीवनदृष्टिमा भिन्नता आउँछ । जङ्गली जीवन व्यतीत गरिरहेका राउटे, ग्रामीण सभ्यताका गाउँले एवम् सहरी कृत्रिमतामा बाँचेका सहरीया व्यक्तिका चिन्तनमा भिन्नता देखिनुको कारण पनि यही नै हो ।

'साङ्ग्रिला हृदय' निबन्धमा सहरबाट गएका तथा हिउँसँग रहनसहन नजोडिएका पदयात्री कविहरू र हिमाली पर्यावरणमा आफूलाई अनुकूल बनाइसकेका स्थानीय जगन गुरूङ अर्थात् ब्ल्याक टी दाइको पर्यावरणीय संवेदनामा अन्तर देखिएको छ । हिउँ पग्लेर सकिनेमा गुरूङ जति चिन्तित छन्, उति नै कविहरूमा प्राकृतिक सौन्दर्य अवलोकन र कविताको भावभूमि निर्माणप्रति अभिरूचि छ । त्यसै गरी गुरूङको व्यवसाय पनि पर्यावरणसँग अन्तरसम्बन्धित रहेको जानकारी निबन्धबाट पाइन्छ– "उनी हिउँ नपर्ने मौसमभरि बेसक्याम्पमा अचेल पनि व्यवसाय चलाउँछन् । जब हिउँले बेसक्याम्प ढाकिन थाल्छ, उनी घान्द्रुक झर्छन्" (पृ. १३९) । यसमा हिँउ पर्न थालेपछि बेसक्याम्पमा पर्यटकहरू आउन बन्द हुन्छ र हिमाल नजिकैको घले गाउँमा उनीहरूको आवागमन बढी हुन थाल्छ भन्ने तथ्य आएका छन् । त्यसैले यो आवागमन आफ्नो व्यवसायलाई निरन्तरता दिन र आम्दानी लिनका लागि गुरूङले लिएको पर्यावरणको सहारा हो । विविध कारणले पर्यावरणअनुकुलका यस्ता गतिविधि गर्न नसक्ने व्यक्तिहरू चाहिँ सङ्कटमा पर्न सक्छन् । मानवको पर्यावरणीय सम्बन्धका कारण उसको आजीविका र आर्थिक आयआर्जनमा पनि भिन्नता देखा पर्दछ । यसको सङ्केत निबन्धमा यसरी गरिएको छ :

> बुधे, लगभग हिमालझैँ नाङ्गै थियो । उसको शरीरमा च्यातिएर धुजा धुजा भएको मैलो कमिज र जाङ्गे मात्र थियो । ऊप्रति किन किन असीम सहानुभूति पलाएर आएको महसुस गर्छु । होटल फर्केपछि ब्ल्याक टी दाइलाई सोध्छु, त्यस्तो कपडा लगाएर बुधे यो जाडोमा कसरी बाँच्छ ? (भूपिन, २०६६, पृ. १४२)

पर्यावरणको प्रतिकूलताका कारण हिमालमा खेतीपातीको सम्भावना न्यून हुने र बजारसँगको सहज पहुँच नहुने कारणले गर्दा पशुपालनबाट पनि लागत अनुसारको आम्दानी लिन सकिने अवस्था अझै छैन । त्यसैले त्यस्ता भेगमा लत्ताकपडा र खाद्यान्नको सङ्कट बेला बेलामा भइरहन्छ । यहाँ, बुधेको परिवारले जगन गुरूङको जस्तो अनुकूलनको उपाय खोजेको सङ्केत पनि पाइँदैन र सबै नागरिकमा त्यो सक्षमता नहुन पनि सक्छ । भएको उत्पादन खान पनि राम्रोसँग नपुग्ने र राज्यले स्थानीय क्षेत्रमा आर्थिक उपार्जनका अन्य उपाय पहिचान, प्रबर्द्धन र सहजीकरण गर्न नसघाएको वर्तमान परिस्थितिमा बेसक्याम्पमा पर्यटकहरूले हिमालहरूको अवर्णनीय सुन्दरतासँगै अभावमा बाँचिरहेको विकट क्षेत्रको जीवनको एउटा कुरूप पाटो पनि अनुभूत गर्न विवश हुनु परिरहेको अवस्था छ । अझै पनि बुधे जस्ता निम्नवर्गीय बालबालिकाले मुटु जमाउने जाडोमा न्यानो कपडा लगाउनुको साटो भेडाहरूलाई आफ्नो जाडो ख्वाइरनुपर्ने अवस्थाले निरन्तरता पाइरहनु भनेको पनि पर्यावरणीय प्रतिकूलताको मानवीय प्रभाव नै हो ।

प्रस्तुत निबन्धमा सहरी क्षेत्रका पर्यटकहरूको ग्रामीण प्राकृतिक परिवेश र हिमाली क्षेत्र अवलोकनको अभिरूचिले पनि प्रकृतिसँगको निकटता चाहने मान्छे र पर्यावरणको अन्तरसम्बन्धलाई पुष्टि गरेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले विदेशीहरूका लागि सूचना बोर्डमा राखेको नारा "नेपाल इज् हियर टु चेन्ज यु, नट् टु यु टु चेन्ज इट" (पृ. १३८) ले पनि मान्छेले पर्यावरणलाई बदल्ने होइन आफू चाहिँ पर्यावरणअनुसार बदलिनुपर्छ भन्ने सन्देश सम्प्रेषण गरेको छ । यहाँ, कवि

र स्थानीयले जानी जानी पर्यावरणलाई बिथोल्ने वा नष्ट गर्ने किसिमका कुनै पनि कार्य गरेका छैनन् । बरु उनीहरूले संरक्षण कवितायात्राका माध्यमबाट अन्नपूर्ण संरक्षण क्षेत्रमा बसोबास गरेका जनताहरूमा प्रकृति संरक्षणको चेतना विस्तार गर्ने प्रयास गरेका छन् । यसमा निबन्धकारले गरेका ढुङ्गाका छपनीहरूले बनाएको सफा बाटो (पृ. १३२) को वर्णन तथा कवितामा ग्रामीण मिथ र बिम्बहरूको खोजी गर्ने प्रण (पृ. १३४) जस्ता सन्दर्भले पनि मानव र प्रकृतिको दिगो अन्तर्सम्बन्धमा जोड दिने पर्यावरणीय समालोचनाको मान्यतालाई नै आत्मसात् गरेका छन् । यसरी पर्यावरणसँगको मानवीय अन्तरसम्बन्धको घनिष्टता प्रस्तुतिमा पनि प्रस्तुत निबन्ध सफल रहेको छ ।

**पर्यावरणमैत्री भाषाको प्रतिनिधित्व**

पर्यावरणमैत्री भाषा भनेको जीव र वनस्पतिकेन्द्री भाषा हो । यसले प्रकृतिलाई कृतिभित्र गरिने सम्मानजनक भाषिक व्यवहारमा जोड दिन्छ । कृतिमा प्रयुक्त भाषा त्यस कृतिमा चित्रित पर्यावरणअनुकूल छ कि छैन भन्ने कुरा यसअन्तर्गत पर्दछ । भाषा र पात्रका बिचको घनिष्टता प्रस्तुत गर्न यसमा स्थानीयता र भाषिकालाई बढी महत्त्व दिइन्छ । स्थानीय भाषामा पात्र र प्रकृतिसँगको अपनत्व प्रतिबिम्बित हुने भएकाले त्यसलाई पर्यावरणीय समालोचनामा महत्त्व दिइन्छ तर आयातित शब्द र वाक्यविन्यासको भने यसमा आलोचना गरिन्छ (एटम, २०६८, पृ. ३२८) । भूपिनको 'साङ्ग्रिला हृदय' निबन्धमा संरक्षण कवितायात्रामा रहेका कविहरूले कवितामा गरेको ग्रामीण मिथ र बिम्बहरूको खोजीको प्रतिबद्धता (पृ. १३४) ले पनि पर्यावरणमैत्री भाषातर्फको झुकाउलाई केन्द्रमा राखेको देखिन्छ भने उनीहरूका कवितामा गरिएको निम्नानुसारको स्थानीय प्राकृतिक बिम्बविधानले पनि प्रकृतिको सम्मानजनक भाषिक व्यवहारमा जोड दिएको प्रस्ट हुन्छ :

> मैले हाम्रो यात्राका कविताबारे सोचिरहेँ । कविता अपेक्षकृत सम्प्रेष्य थिए, जहाँ कविहरूले आ–आफ्ना प्रिय बिम्बहरु निर्माण गरे । ...ढुङ्गाहरूको बस्ती, बुधेको जाडो, मैंचाङको गीत, छेपारोको कथा, च्यों कान्छा, साइली रिमई, पोजेङ्योम झरना, लाहुरेको कथा आदि बिम्बहरूले हाम्रा कविता प्रभावकारी बनेका थिए । ती बिम्ब यात्राका प्राप्ति थिए । (भूपिन, २०६६, पृ. १३५)

त्यसै गरी भाषासँगको पात्रको अपनत्व देखाउन 'साङ्ग्रिला हृदय' निबन्धमा अन्नपूर्ण एप्रोच लजमा भेटिएका जगन गुरुङले प्रयोग गरेको व्यक्तिबोलीलाई बढी महत्त्व दिएर उद्धृत गरिएको छ – "बेसक्याम्पमा मेरो पनि स्यानु होटल छ हाजुर । धेरै पैला बेसक्यामपमा होटलहरु नहुने बेलादेखि नै म त्याँ ब्ल्याक टी बेच्थेँ हाजुर । त्यसैले गोरेहारूले मेरो नामै ब्ल्याक टी राख्दिए" (पृ. १३९) । गैह्रमातृभाषी नेपालीले बोल्दा प्रयोग गर्ने व्यक्तिबोलीमा आधारित स्थानीय लवजको प्रतिनिधित्वले यहाँ भूगोलसँगै भाषामा पनि विविधता रहेको सङ्केत मिल्दछ । निरपेक्ष रूपले भन्नुपर्दा व्याकरणिक कोणबाट यो नेपाली भाषाको दूषित सङ्कथन हो किनभने यसमा स्थानीय व्यक्तिबोलीमा देखिएको भाषिक सङ्क्रमण र पात्रलाई दिइएको उपनाम (निकनेम) नामसँगै पहिचान पनि गुमनाम हुन सक्ने सम्भावना देखिन्छ । स्थानीय सांस्कृतिक पहिचान बोकेको नामको सट्टामा पेसागत रूपमा अङ्

ग्रेजीमा दिइएको 'ब्ल्याक टी' उपनामले पनि पर्यावरणीय भाषिक संस्कृतिलाई बिथोलेको छ । तथापि गैह्र नेपाली मातृभाषीहरू, जसको राज्यसँगको सम्बन्ध सीमान्तीय बनेको छ, उनीहरू पनि साना व्यवसायमार्फत पर्यावरणको संरक्षणसँगै आर्थिक उन्नतितर्फ अग्रसर हुँदै गएको सुखद सन्देश यसले सम्प्रेषण गरेको छ । त्यसैले भाषिक बेथिति जस्तो देखिए पनि यसको सार चाहिँ नकारात्मक छैन र यो फरक मातृभाषाका व्यक्तिले अबोधताका कारण गरेको निश्छल प्रयोग हो । त्यसमा पनि ' ब्ल्याक टी' को प्रयोग विदेशी पर्यटकहरूले नै गरेका कारण पर्यावरणअनुकूल ठहरिएको हो । यस आधारबाट हेर्दा पनि प्रस्तुत निबन्धमा प्रकृतिलाई भाषिक रूपले सम्मानित व्यवहार गरेको प्रस्ट हुन्छ ।

## निष्कर्ष

भूपिनको *चौबिस रिल* कृतिमा सङ्गृहीत 'साङ्ग्रिला हृदय' निबन्धको पर्यावरणीय चेतना संरक्षण कवितायात्राका क्रममा कविहरूले अन्नपूर्ण संरक्षणक्षेत्रको प्रकृतिबाट प्राप्त गरेको आत्मीयता र त्यहाँका स्थानीयको जीवनशैलीसँग प्रत्यक्ष रूपले जोडिएर प्रकट भएको छ । प्रस्तुत अध्ययनमा कृतिविश्लेषणका लागि निर्धारण गरिएका चार ओटा उपकरणमध्ये प्राकृतिक वातावरणको साहित्यिक प्रतिनिधित्वले अन्नपूर्ण संरक्षण क्षेत्रको प्रकृतिलाई वातावरणीय तथ्यपरकतासँगै मानवीकरणको स्वरूप दिएको छ । त्यहाँको प्राकृतिक वातावरणले लेखकमा पारेको मानसिक प्रभाव तथा प्रकृति संरक्षणतर्फको काव्यिक चेतनाको विस्तारमा पनि यो निबन्ध उपयोगी देखिन्छ । यसमा पर्यावरणसँग संस्कृतिको सम्बन्धलाई चाहिँ स्थानीय चालचलन, व्यवहार र आजीविकाका कोणबाट उद्घाटन गरिएको छ, जसमा स्थानीय प्राकृतिक संस्कृतिको संवेदनशीलता पहिचान गर्दै प्रकृतिसँगको मानवकेन्द्री व्यवहारप्रतिको असहमति प्रकट गरिएको छ । मान्छे र पर्यावरणको अन्तर्सम्बन्धका कोणबाट हेर्दा निबन्ध पर्यावरणीय अनुकूलनका लागि मान्छेले अपनाएका उपाय एवम् पर्यावरणीय अन्तरसम्बन्धबाट भएको मान्छेको संवेदनाको विकास तथा उसको आजीविकामा परेको प्रभाव देखाउन सक्षम रहेको देखिन्छ । पर्यावरणमैत्री भाषाको प्रतिनिधित्वलाई यसमा स्थानीय भाषिक प्रयुक्ति तथा स्थानीयताको काव्यिक पुनर्सिर्जनका माध्ययमबाट प्रगाढ बनाइएको छ । त्यसैले यसमा व्यक्तिबोलीमा पाइने पात्र र प्रकृतिसँगको अपनत्व तथा कवितामा गरिएको प्राकृतिक बिम्बविधानका सन्दर्भबाट प्रकृतिलाई सम्मानजनक व्यवहार गरिएको प्रस्ट भएको छ । यसरी पर्यावरणको साहित्यिक प्रतिनिधित्व, पर्यावरणीय सांस्कृतिक सम्बन्ध, पर्यावरणसँगको मानवीय अन्तरसम्बन्धको घनिष्टता तथा पर्यावरणप्रतिको सम्मानित भाषिक अभिव्यक्तिका कोणबाट विश्लेषण गर्दा प्रस्तुत निबन्ध पर्यावरणीय चेतनाको आत्मबोध, त्यसको तथ्यपरक र तार्किक प्रसार एवम् पाठकीय सम्प्रेषणका लागि अपनाइएका साहित्यिक सौन्दर्यपरक तरिकाले पनि प्रकृतिसँगको सांस्कृतिक र मानवीय सम्बन्धलाई बलियो बनाई पर्यावरणीय चेतनाका दृष्टिले समृद्ध बनेको छ ।

## सन्दर्भसामग्री


एटम, नेत्र (सन् २०१२ फेब्रुअरी १२). संरक्षण : कविता र पर्यावरणको. *समकालीन साहित्य.* वेब. https://www.samakalinsahitya.com.

एटम, नेत्र (२०६८). पर्यावरणीय समालोचना. *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड). (सम्पा.). राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम : रत्न पुस्तक भण्डार. पृ. ३११-३३२ ।

ग्लोटफेल्टी, चेरिल र ह्यारोल्ड फ्रोम (सम्पा.). (सन् १९९६). *द इकोक्रिटिसिज्म रिडर : ल्यान्डमार्क्स इन लिटरेरी इकोलोजी.* न्युयोर्क : रुटलेज ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा* : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

ढकाल, रजनी (सन् २०२३). उत्तरवर्ती नेपाली निबन्धमा पर्यावरणीय चेतना. Tribhuvan University Journal, 38(1). pp. 184–199. DOI: https://doi.org/10.3126/tuj.v3801.56216.

फ्रेडरिख, सुरेश (सन् २०१२). *कन्टेम्पोररी कन्टेम्लेसन अन इकोलिटरेचर.* : अथरप्रेस ।

बुएल, लरेन्स (सन् १९९५). *द इन्भाइरन्मेन्टल इम्याजिनेसन : थोरो, नेचर राइटिङ यान्ड द फर्मेसन अफ अमेरिकन कल्चर* : हार्वर्ड युनिभर्सिटी प्रेस ।

भट्टराई, गोविन्द (२०६४). *उत्तरआधुनिक विमर्श.* : मोडर्न बुक्स ।

भट्टराई, रमेशप्रसाद (२०७०). *समय सौन्दर्य, पर्यावरण र कविता.* : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

भूपिन (२०६९). *चौबिस रिल* : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

शर्मा, बिन्दु (२०७५). *नेपाली समालोचनाका नवीन आयाम.* : तन्नेरी प्रकाशन ।